नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
निर्वाचन सेल

☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Email: cdonawalpur2074@gmail.com
daonawalpur2074@gmail.com

पत्र संख्या : ०७८/७९
च.नं.:

मिति : २०७९।०२।२६

## इ-पासपोर्टको Pre-enrollment सम्बन्धी सूचना

राहदानी विभागबाट प्राप्त निर्देशानुसार विद्युतीय राहदानी (इ-पासपोर्ट) सम्बन्धमा तपशिल बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :-

क) प्रिइनरोलमेन्ट पोर्टलका धेरै समस्याहरु समाधान भएका छन् र अझै पनि प्रति सेकेण्ड १५०० भन्दा बढी हिट भएमा हाई ट्राफिक भोलुमका कारणले लोड हुन समस्या हुने गरेको छ । प्राविधिक टिमले समस्या समाधानको लागि काम गरिरहेको छ ।

ख) तत्कालका लागि ट्राफिक भोलुम ब्यालेन्स गर्न बुकिङ्ग फुल भएको अवस्था नराख्न र बुकिङ्ग खुल्ने समय तोक्न प्राविधिकहरुको सुझाव रहेको । अतः प्रदेश १ र मधेश प्रदेशले सोमबार र विहिबार १०:०० बजे, बाग्मती प्रदेश र गण्डकी प्रदेशले मंगलबार र शुक्रवार २:०० बजे, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशले बुधवार र शुक्रवार ५:०० बजे बुकिङ्ग खोल्ने व्यवस्था भएको । बुकिङ्ग खोल्दा संख्या पनि खुलाउने र त्यसको सूचना वेभसाईटमा राख्ने व्यवस्था हुने छ ।

ग) सकेसम्म हालकै बुकिङ्गमा थपेर बुकिङ्ग अवधि घटाउन कोसिस हुनेछ ।

घ) रिजेक्ट भएका फर्महरु १५ दिनसम्मको लागि पुनःप्रयोग गर्न सकिने छ ।

ङ) एउटै साइबरबाट अस्वभाविक रुपमा एउटै समयमा धेरै फारामहरु भरेको पाइएमा वा रात्रीको समयमा फर्म भरेको हकमा विशेष निगरानी हुनेछ । केही दिनभित्रै रद्द गरेका बुकिङ्ग पुनःप्रयोग गर्न नपाइने व्यवस्था गरिदैछ ।

च) विभागले कार्यालय खुल्ने दिन १०:०० बजे र ४:३० बजे गरी हरेक दिन करिब १६०० बुकिङ्ग खोल्नेछ । विभागमा बुकिङ्ग अवधि दुई महिना भन्दा बढी अवधिसम्म भएकोमा हाल ६ दिनमा ल्याइएको छ ।

छ) यस जिल्लामा बुकिङ्ग खुल्ने संख्या र समय
- प्रति दिन ५० (पचाँस) वटाका दरले
- प्रत्येक मंगलबार र शुक्रबार दिउँसो २:०० बजे

तदनुरुप सेवा लिनु हुन तथा थप जानकारी आवश्यक भएमा यस कार्यालयमा सिधै सम्पर्क राख्नु हुन सबै सेवाग्राहीहरुलाई अनुरोध छ ।

(खिमराज भुसाल)
सहायक प्रमुख जिल्ला अधिकारी